प्रति साधारण शेयर रू.१००/- अंकित दरका २,५०,००० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५% अर्थात ३,८७५ कित्ता शेयर कर्मचारीहरू तथा सर्वसाधारणहरूलाई छुट्याएको मध्येको ५% अर्थात १२,५०० कित्ता शेयर सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने २,३३,६२५ कित्ता साधारण शेयरहरूको सार्वजनिक निष्काशन गरिएको।

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड
Gurans Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)
धनकुटा ७, हुलाक टोल, धनकुटा नेपाल, फोन नं.: ०२६-५२१७४६, ५२०६१४
इमेलः guranslbbs@gmail.com, वेभसाइटः www.guranslaghubitta.com.np

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	: १० कित्ता
दरखास्त दिनपाउने अधिकतम कित्ता	: ५०० कित्ता

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो।

आह्वान-पत्र

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
प्रति शेयर नेटवर्थ (रु.)	९७.९९	७३.७१	९२.७२	११०.६५	१३६.२६	१६८.३६
प्रति शेयर आम्दानी (रु.)	(२.०१)	(२५.७७)	६.७५	१५.५८	२५.६०	३२.१०
संचित नाफा/(नोक्सान) (रु. हजारमा)	(१४८)	(७३६२)	(४६००)	४,८२०	२०,२९८	३९,७०१

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७५/१२/२६,
नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०७५/१२/२८,
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७६/१/३ गते।

१. संस्थाको नाम :

गुराँस लघुवित्त वित्तीय संस्था लि. (Gurans Laghubitta Bittiya Sanstha Ltd.)।

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको हो सो कुरा :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/२/२ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७३/७/२२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी दश जिल्ला कार्यक्षेत्र भएको "घ" बर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७३/८/१३ गतेदेखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय धनकुटा-७, हुलाक टोल, धनकुटामा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस वित्तीय संस्थाको कारोवार स्थान धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, ताप्लेजुङ, पाँचथर, इलाम, मोरङ र सुनसरी गरी १० जिल्ला रहेको छ र नेपाल राष्ट्र बैंकको स्वीकृत लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि वित्तीय कारोबार गर्न सक्नेछ। हाल यस वित्तीय संस्थाले रजिष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार गर्दै आइरहेको छ।

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान	क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
१.	शाखा कार्यालय धनकुटा	धनकुटा न.पा.-७, धनकुटा	१३.	शाखा कार्यालय बुद्धचौक	दुहबी न.पा.-१०, सुनसरी
२.	शाखा कार्यालय डांडाबजार	साँगुरीगढी गा.पा.-१, धनकुटा	१४.	शाखा कार्यालय केरौन	कानेपोखरी गा.पा.-५, मोरङ
३.	शाखा कार्यालय सिधुवा	छथरजोरपाटी गा.पा.-६, धनकुटा	१५.	शाखा कार्यालय हसन्दह	पथरी शनिश्चरे न.पा.-६, मोरङ
४.	शाखा कार्यालय आँखिसल्ला	शहिद भुमी गा.पा.-६, धनकुटा	१६.	शाखा कार्यालय कसेनी	बेलवारी न.पा.-५, मोरङ
५.	शाखा कार्यालय मुडेशनिश्चरे	धर्मदेवी न.पा.-३, संखुवासभा	१७.	शाखा कार्यालय मंगलबारे	उर्लावारी न.पा.-३, मोरङ
६.	शाखा कार्यालय जिरीखीम्ती	म्याङलुङ न.पा.-६, तेह्रथुम	१८.	शाखा कार्यालय कालाबन्जार	बराहा न.पा.-५, सुनसरी
७.	शाखा कार्यालय रांके	फाल्गुनन्द गा.पा.-४, पाँचथर	१९.	शाखा कार्यालय चिमडी	बर्जु गा.पा.-६, सुनसरी
८.	शाखा कार्यालय जोरपोखरी	हिलिहाङ गा.पा.-४, पाँचथर	२०.	शाखा कार्यालय इनरुवा	इनरुवा न.पा.-१, सुनसरी
९.	शाखा कार्यालय ताप्लेजुङ्ग	फुङलिङ न.पा.-९, ताप्लेजुङ	२१.	शाखा कार्यालय रामपुर	मोलुङ गा.पा.-२, ओखलढुङ्गा
१०.	शाखा कार्यालय नयाँ बजार	माईजोगमाई गा.पा.-१, इलाम	२२.	शाखा कार्यालय प्याउली	अरुण गा.पा.-३, भोजपुर
११.	शाखा कार्यालय पुष्पलालचौक	बुढिगंगा गा.पा.-१, मोरङ	२३.	शाखा कार्यालय रंगेली	रंगेली न.पा.-८, मोरङ
१२.	शाखा कार्यालय दुलारी	सुन्दरहरैचा न.पा.-४, मोरङ			

५. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र मुख्य उद्देश्यहरु :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/२/२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७३/७/२२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, ताप्लेजुङ, पाँचथर, इलाम, मोरङ र सुनसरी समेत १० जिल्ला कार्यक्षेत्र भएको "घ" बर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७३/८/१३ गते देखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ। यस वित्तीय संस्थाका संस्थापकहरुमा बिभिन्न बैंक तथा वित्तीय संस्था, सहकारी क्षेत्र, बीमा क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि उद्योग तथा ब्यापार क्षेत्र एवं ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही लघुवित्त कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य व्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्याउने,
(ग) उपलब्ध श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुर्याउने,
(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुर्याई देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुर्याउने,
(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनियता अभिबृद्धि गर्न सहयोग पुर्याउने।

६. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

१. अधिकृत पूँजीः

यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१० करोड रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

२. जारी पूँजीः

यस वित्तीय संस्थाको जारी पूँजी रु.७ करोड ७५ लाख रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ७ लाख ७५ हजार कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

३. चुक्ता पूँजीः

यस वित्तीय संस्थाको जारी भएको ७ लाख ७५ हजार कित्ता साधारण शेयर मध्ये रु.५ करोड २५ लाख बराबरको रु.१००/- दरको ५,२५,००० कित्ता साधारण शेयर संस्थापक शेयरधनीहरुको नाममा बाँडफाँट भई जम्मा रु.५ करोड २५ लाख रकम चुक्ता भुक्तान भईसकेको छ। स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु.७ करोड ७५ लाख हुनेछ।

अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

यस वित्तीय संस्थाको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरणः

क्र.सं.	आर्थिक बर्ष	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)
१.	०७३/०७४	हाल सम्म परिवर्तन नभएको।	रु.४,००,००,०००/-	रु.२,८०,००,०००/-
२.	०७४/०७५	हाल सम्म परिवर्तन नभएको।	रु.६,००,००,०००/-	रु.४,२०,००,०००/-
३.	०७५/०७६	हाल सम्म परिवर्तन नभएको।	रु.७,७५,००,०००/-	रु.५,२५,००,०००/-

७. सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	५,२५,०००	६७.७४%	५,२५,००,०००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	२,५०,०००	३२.२६%	२,५०,००,०००/-	शतप्रतिशत
	जम्मा	७,७५,०००	१००%	७,७५,००,०००/-	

८. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछः

संस्थापक शेयरधनीहरुबाट मनोनित/निर्वाचित	४ जना
सर्वसाधारण शेयरधनीहरुबाट मनोनित/निर्वाचित	२ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	**७ जना**

यस वित्तीय संस्थाको संचालक हुनको लागि नेपाल राष्ट्र बैंकले जारी गरेको "बैंक तथा वित्तीय संस्थाका संचालक र कार्यकारी प्रमुख नियुक्तीका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियवाली, २०७४" मा भएको ब्यवस्था बमोजिम योग्य हुनु पर्नेछ। यस वित्तीय संस्थाको नियमावलीको दफा २८ मा व्यवस्था भए अनुसार यस वित्तीय संस्थाको संचालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो ब्यवस्था लागु हुने छैन।

संचालकको कार्यकाल ४ (चार) बर्षको हुनेछ।

९. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभूत शेयरधनीको विवरण :

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ब्यबसाय	अन्य क्षेत्रको अनुभव
१.	उदयनारायण बराल	अध्यक्ष	३९ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं ४, मोरङ	४१२५०	एम.ए.	संस्थापक अध्यक्ष गुराँस लघुवित्त वित्तीय संस्था लि.	- सहकारी क्षेत्रमा व्यवस्थापक तथा अध्यक्षको रुपमा करिव २० बर्षको अनुभव। - प्रोप्राइटर त्रिशक्ति सप्लायर्स विराटनगर। - अध्यक्ष गुराँस हर्वास्यूटिकल्स प्रा.लि.। - पुर्व अध्यक्ष लायन्स क्लब बिराटनगर गुराँस।
२.	मदन खतिवडा	संस्थापक	४४ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं ५, मोरङ	४१२५०	एम.बि.एस.	संस्थापक गुराँस लघुवित्त वित्तीय संस्था लि.	- नेपाल इन्स्योरेन्स कम्पनी लि.मा शाखा प्रबन्धक सहित १६ बर्षदेखि कार्यरत। - सञ्चालक गुराँस हर्वास्यूटिकल्स प्रा.लि.। - द्धितिय उपाध्यक्ष लायन्स क्लब बिराटनगर गुराँस।
३.	राजुप्रसाद अधिकारी	संचालक	३४ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं ४, मोरङ	४१२५०	एम.बि.एस.	संस्थापक सञ्चालक गुराँस लघुवित्त वित्तीय संस्था लि.	- औषधी कम्पनीको क्षेत्रिय प्रबन्धकको रुपमा २०६२ हालसम्म कार्यरत। - सहकारी क्षेत्रमा बिभिन्न समिति /उप समितिमा १५ बर्षको कार्य अनुभव। - सञ्चालक गुराँस हर्वास्यूटिकल्स प्रा.लि.। - प्रथम उपाध्यक्ष लायन्स क्लब बिराटनगर गुराँस।
४.	अशोक गौतम	संस्थापक	५६ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं ४, मोरङ	४१२५०	एम.पि.ए.	संस्थापक गुराँस लघुवित्त वित्तीय संस्था लि.	- नेपाल सरकार प्रशासन सेवा लेखा समुह, लेखा अधिकृत सहित ३६ बर्षको अनुभव। - सामाजिक संस्था लायन्स क्लबमा आबद्ध।

सञ्चालकहरुको विवरण:

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ब्यबसाय	अन्य क्षेत्रको अनुभव
१.	उदयनारायण बराल	अध्यक्ष	३९ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं. ४, मोरङ	४१२५०	एम.ए.	संस्थापक अध्यक्ष गुराँस लघुवित्त वित्तीय संस्था लि.	- सहकारी क्षेत्रमा व्यवस्थापक तथा अध्यक्षको रुपमा करिव २० बर्षको अनुभव। - प्रोप्राइटर त्रिशक्ति सप्लायर्स विराटनगर। - अध्यक्ष गुराँस हर्वास्यूटिकल्स प्रा.लि.। - पुर्व अध्यक्ष लायन्स क्लब बिराटनगर गुराँस।
२.	कृष्णप्रसाद गौतम	संचालक	६८ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं. ३, मोरङ	१८७५०	बि.ए.	संस्थापक सञ्चालक गुराँस लघुवित्त वित्तीय संस्था लि.	- कृषि विकास बैकमा क्षेत्रिय सहायक प्रबन्धक सहित ३० बर्षको कार्य अनुभव।
३.	राजुप्रसाद अधिकारी	संचालक	३४ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं. ४, मोरङ	४१२५०	एम.बि.एस.	संस्थापक सञ्चालक गुराँस लघुवित्त वित्तीय संस्था लि.	- औषधी कम्पनीको क्षेत्रिय प्रबन्धकको रुपमा २०६२ हालसम्म कार्यरत। - सहकारी क्षेत्रमा बिभिन्न समिति /उप समितिमा १५ बर्षको कार्य अनुभव। - सञ्चालक गुराँस हर्वास्यूटिकल्स प्रा.लि.। - प्रथम उपाध्यक्ष लायन्स क्लब बिराटनगर गुराँस।
४.	गिरीराज पोखरेल	संचालक	४६ बर्ष	नेपाली	बुढानिलकण्ठ न.पा.-३, काठमाण्डौ	१८७५०	बि.ए.	संस्थापक सञ्चालक गुराँस लघुवित्त वित्तीय संस्था लि.	- माछापुछ्रे बैकमा अधिकृतको रुपमा १५ बर्षको कार्य अनुभव।
५.	बिजय कुमार दाहाल	संचालक	४३ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं. ६, मोरङ	१८७५०	एम.ए.	संस्थापक सञ्चालक गुराँस लघुवित्त वित्तीय संस्था लि.	- प्राध्यापन पेशामा १२ वर्षदेखि कार्यरत। - सामाजिक संस्था लायन्स क्लबमा आबद्ध।
६.	प्रकाशचन्द्र गौतम	स्वतन्त्र संचालक	६३ बर्ष	नेपाली	विराटनगर म.न.पा. वार्ड नं. ३, मोरङ	-	बि.ए.	स्वतन्त्र सञ्चालक गुराँस लघुवित्त वित्तीय संस्था लि. २०७५ श्रावण देखि।	- नेपाल सरकार राजश्व प्रशासनमा कर अधिकृत सहित ३० बर्षको कार्य अनुभव।

प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	योग्यता	कार्यानुभव
१.	श्री नगेन्द्र मिश्र	निमित्त प्रमुख कार्यकारी अधिकृत	स्नातक (व्यवस्थापन)	१. स्वावलम्बन लघुवित्त विकास बैंक लि.मा वरिष्ठ सहायक र सहायक प्रबन्धकको रुपमा २०५४-२०६४ सम्म। २. स्वावलम्बन लघुवित्त विकास बैंक लि.मा प्रवन्धकको रुपमा २०६५-२०७२ सम्म। ३. गुराँस लघुवित्त वित्तीय संस्था लि.मा प्रबन्धक पदमा २०७३ श्रावण १६ देखि २०७५ मंसिर ३ सम्म र २०७५ मंसिर ४ देखि हाल सम्म निमित्त प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत।

१०. धितोपत्र जारी गर्नुको उद्देश्य :

अ) वित्तीय संस्थाको जारी पूँजी रु.७,७५,००,०००/- मध्ये प्रबन्धपत्रमा ब्यवस्था भए अनुरुप जारी पूँजीको ३२.२६% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने भएको कारण जारी पूंजीको ३२.२६% अर्थात रु.२,५०,००,०००/- रकम बराबरको प्रति शेयर रु.१००/- दरको २,५०,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुमा बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन।
आ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न।
इ) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको ब्यवस्था गर्न।

११. सीमित दायित्व सम्बन्धी विवरण :

यो वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरवालाहरुको दायित्व सीमित छ। यस लघुवित्त वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

१२. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता तथा अधिकतम ५०० (पाँच सय) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ। १० (दश) कित्ताभन्दा वढी शेयरका लागि दरखास्त दिंदा १० (दश) अंकको गुणाङ्क संख्यामा दिनु पर्नेछ। दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले भुक्तानी गर्नु पर्नेछ।

१३. सकारात्मक पक्षहरु :

१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष ब्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको ब्यवस्थापन सक्षम तथा प्रभावकारी भएको।
२) स्थानीय समुदायमा वित्तीय संस्थाले बनाएको अमिट छाप,
३) छिटो छरितो सेवा एवं निर्णय दिने वातावरण,
४) वित्तीय संस्थाको सञ्चालक समिति र ब्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
५) नीतिगत पारदर्शिता र बलियो संस्थागत शुसासन,
६) सामाजिक जिम्मेवारी र दायित्व।

१४. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा-नोक्सान हिसाब तथा नेटवर्थ सम्वन्धी विवरण :

वासलात (रु.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			*आ.ब. ०७५/०७६ पौष मसान्तसम्म
	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	
१. शेयर पूँजी	७,३५०	२८,०००	५२,५००	५२,५००
२. जगेडा तथा कोषहरु	(१४८)	(७,३६२)	(३,८२१)	(१०२)
३. ऋणपत्र तथा बण्ड	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	१५३,७८०	३५८,८५९	४२८,५१४
५. निक्षेप दायित्व	-	७,५१४	५६,८४८	७८,७४६
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-	-
८. आयकर दायित्व	-	-	-	-
९. अन्य दायित्व	२०	३,२१७	१०,८४२	१७,१८९
कुल पूँजी तथा दायित्व	७,२२२	१८५,१४९	४७५,२२८	५७६,८४८

(रु.हजारमा)

सम्पत्ति	वास्तविक			*आ.ब. ०७५/०७६ पौष मसान्तसम्म
	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	
१. नगद मौज्दात	४१	-	५५	१,७०२
२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	७००	-	-	-
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	६,३४४	३४,०१४	३९,९१६	५४,०७२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-
५. लगानी	-	-	-	-
६. कर्जा सापट तथा बिल खरिद	-	१४५,२८५	४२५,७०२	५१२,४७२
७. स्थिर सम्पत्ति	-	४,८३९	६,११८	६,९२७
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-
९. अन्य सम्पत्ति	१३७	१,०११	३,४३६	१,६७५
कुल सम्पत्ति	७,२२२	१८५,१४९	४७५,२२८	५७६,८४८

नाफा-नोक्सान हिसाब (रु.हजारमा)

विवरण	वास्तविक			*आ.ब. ०७५/०७६ पौष मसान्तसम्म
	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	
१. व्याज आम्दानी	५०	७,८७६	५४,२७२	३७,५१८
२. व्याज खर्च	-	४,७९३	३३,९४९	२५,२३६
खुद ब्याज आम्दानी	५०	३,०८३	२०,३२३	१२,२८२
४. कमिशन तथा अन्य सन्चालन आम्दानी	-	२,८६९	१४,८३१	११,१५०
५. सटही घटबढ आम्दानी	-	-	-	-
कुल संचालन आम्दानी	५०	५,९५२	३५,१५३	२३,४३२
६. कर्मचारी खर्च	-	७,३६६	१९,८७२	१३,०१२
७. अन्य संचालन खर्च	२६१	४,२७३	८,४९३	४,१८८
८. सटही घटबढ नोक्सान	-	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अधिको संचालन मुनाफा	(२११)	(५,६८८)	६,७८८	६,२३१
९. सम्भावित नोक्सानी	-	१,४६८	२,९९३	२,१४१
संचालन मुनाफा/(नोक्सान)	(२११)	(७,१५५)	३,७९६	४,०९१
१०.गैर संचालन आम्दानी/(नोक्सान)	-	-	-	-
११.सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	(२११)	(७,१५५)	३,७९६	४,०९१
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	(२११)	(७,१५५)	३,७९६	४,०९१
१३.कर्मचारी बोनस व्यवस्था	-	-	३४५	३७२
१४.आयकर ब्यवस्था	(६३)	६०	(९१)	-
यस वर्षको	-	-	-	-
गत वर्षको	-	-	-	-
पर सारिएको आयकर आम्दानी / (खर्च)	६३	(६०)	९१	-
खुद मुनाफा/(नोक्सान)	(१४८)	(७,२१५)	३,५४२	३,७१९

*आ.ब.०७५/०७६ को पौष मसान्तसम्मको वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरणहरु हुन।

आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब सम्बन्धी विवरण :

वासलात

पूँजी तथा दायित्व	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
१. शेयर पूँजी	७७,५००	७७,५००	७७,५००
२. जगेडा तथा कोषहरु	८,२५७	२८,१००	५२,९७५
३. ऋणपत्र तथा बण्ड	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	५७८,४९४	७५२,०४२	९७७,६५५
५. निक्षेप दायित्व	११८,११९	१७७,१७९	२६५,७६९
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-
८. आयकर दायित्व	३,५३९	८,५०४	१०,६६१
९. अन्य दायित्व	२३,२०६	२६,६८६	३०,६८९
कुल पूँजी तथा दायित्व	८०९,११४	१,०७०,०११	१,४१५,२४९

सम्पत्ति	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
१. नगद मौज्दात	२,६०३	६,७४४	१०,५११
२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३,४८३	४,६४६	६,२१७
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	७०,२९३	१४७,६१६	२६५,७०९
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-
५. लगानी	-	-	-
६. कर्जा सापट तथा बिल खरिद	७०८,२९४	८८३,०२२	१,१०१,२१५
७. स्थिर सम्पत्ति	७,६२०	८,३८२	९,२२०
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
९. अन्य सम्पत्ति	१६,८२१	१९,६०२	२२,३७७
कुल सम्पत्ति	८०९,११४	१,०७०,०११	१,४१५,२४९

नाफा-नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
१. व्याज आम्दानी	९९,७७०	१३१,७३४	१६६,७१०
२. व्याज खर्च	६५,७७८	८४,९९१	११२,८५१
खुद ब्याज आम्दानी	३३,९९२	४६,७४२	५३,८५९
४. कमिशन तथा अन्य सन्चालन आम्दानी	२२,३००	२६,७६०	३२,११२
५. सटही घटबढ आम्दानी	-	-	-
कुल संचालन आम्दानी	५६,२९२	७३,५०२	८५,९७१
६. कर्मचारी खर्च	२६,०२४	३१,२२९	३४,३५२
७. अन्य संचालन खर्च	९,६६७	१०,३४८	११,६९४
८. सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अधिको संचालन मुनाफा	२०,६०१	३१,९२५	३९,९२५
९. सम्भावित नोक्सानी	३,४२४	७०८	७९७
संचालन मुनाफा/(नोक्सान)	१७,१७७	३१,२१८	३९,१२८
१०.गैर संचालन आम्दानी/(नोक्सान)	-	-	-
११.सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	(३६)	(३८)
नियमित कारोवारबाट भएको मुनाफा	१७,१७७	३१,१८२	३९,०९०
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	१७,१७७	३१,१८२	३९,०९०
१३.कर्मचारी बोनस व्यवस्था	१,५६२	२,८३५	३,५५४
१४.आयकर ब्यवस्था	३,५३९	८,५०४	१०,६६१
यस वर्षको	३,५३९	८,५०४	१०,६६१
गत वर्षको	-	-	-
पर सारिएको आयकर आम्दानी / (खर्च)	-	-	-
खुद मुनाफा/(नोक्सान)	१२,०७७	१९,८४३	२४,८७६

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
चुक्ता पूँजी	७,३५०	२८,०००	५२,५००	७७,५००	७७,५००	७७,५००
जगेडा तथा कोषहरु	(१४८)	(७,३६२)	(३,८२१)	८,२५७	२८,१००	५२,९७५
कुल	७,२०३	२०,६३८	४८,६७९	८५,७५७	१०५,६००	१३०,४७५
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवर्थ	७,२०३	२०,६३८	४८,६७९	८५,७५७	१०५,६००	१३०,४७५
शेयर संख्या (हजारमा)	७४	२८०	५२५	७७५	७७५	७७५
प्रति शेयर नेटवर्थ (रु.)	९७.९९	७३.७१	९२.७२	११०.६५	१३६.२६	१६८.३६
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	-२.०५%	-३४.९६%	७.२८%	१४.०८%	१८.७९%	१९.०७%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न आवश्यक न्यूनतम प्रतिफल				७.१०%		

द्रष्टव्यः माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी आर.के.एस. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री राजेश कुमार शाहद्वारा प्रमाणित गरेको हो।

वित्तीय प्रक्षेपणका आधारः

विवरण	प्रक्षेपित (%)		
	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
१. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा)	१०७.७८%	५०.००%	५०.००%
२. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा)	६६.३८%	२४.६७%	२४.७१%
३. कुल कर्जा तथा निक्षेप+पूँजीकोष अनुपात (प्रतिशतमा)	९१.५४%	८६.१६%	८०.८४%
४. कुल आयमा औषत बृद्धिदर	७६.६५%	२९.८४%	२५.४४%
५. कुल खर्चमा औषत बृद्धिदर	६०.६२%	२१.३४%	२५.४७%
६. संचालन खर्च तथा कुल आम्दानी अनुपात	२९%	२६%	२३%
७. खुद मुनाफामा औषत बृद्धिदर	२४१.००%	६४.३०%	२५.३६%
८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	८.००%	८.००%	८.००%
९. कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा)	१६.००%	१६.००%	१६.००%
१०. आयकर ब्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%
११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा)	२.४९%	२.१०%	१.७६%
१२. लगानी मा प्रतिफल	१०.५०%	०.००%	०.००%
१३. अन्य संचालन खर्चका वृद्धिदर	१३०.८०%	७.०४%	१३.०१%
१४. कर्मचारी खर्चमा बृद्धिदर	३०.९६%	२०.००%	१०.००%
% of Provision on Total Gross Loan	१.१०%	०.९७%	०.८५%
CRR	५.७३%	६.४३%	५.७२%
SLR	११.७६%	११.२२%	१३.२८%
पूँजीकोष पर्याप्तता (CAR)	११.७२%	११.४६%	११.२३%

माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :

१. कर्जा तथा सापट :

संस्थाको आ.ब.२०७४/०७५ को आषाढ मसान्तसम्ममा असल कर्जामा करिब १८८.३९ प्रतिशतको बृद्धि भएको र आ.ब.२०७५/०७६ को पौष सम्ममा करिब १७.९५ प्रतिशतको बृद्धि भएकोमा संस्थाको ब्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा क्रमशः ६६.३८, २४.६७ र २४.७१ प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः १६.००, १६.०० र १६.०० प्रतिशत हुने अनुमान गरिएको छ।

कर्जा तथा सापटको निक्षेप र प्राथमिक पूँजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ। जस अनुरुप आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः ९१.५४, ८६.१६ र ८०.८४ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

कर्जा नोक्सानी व्यवस्था आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि कुल कर्जा तथा सापटको क्रमशः १.१०, ०.९७ र ०.८५ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

२. निक्षेप :

संस्थाको आ.ब.२०७३/०७४ को आषाढ मसान्तबाट आ.ब.२०७४/०७५ को आषाढ मसान्तसम्ममा जम्मा निक्षेपमा लगभग ६५६.५४ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७५/०७६ को पौषसम्ममा ३८.५२ प्रतिशतले बृद्धि भएको र संस्थाको ब्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७५/०७६, २०७६/०७७ र र २०७७/०७८ मा क्रमशः १०७.७८, ५०.०० र ५०.०० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब.२०७५/०७६, २०७६/०७७ र र २०७७/०७८ को लागि क्रमशः ८.००, ८.०० र ८.०० प्रतिशत कायम रहने अनुमान गरिएको छ।

३. तरलताः

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब.२०७५/०७६, २०७६/०७७ र र २०७७/०७८ को लागि क्रमशः ११.७६, ११.२२ र १३.२८ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः ५.७३, ६.४३ र ५.७२ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्याएको छ।
५. आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ।
६. गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो।
७. पूँजी पर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ। जस अनुरुप पूँजीकोषको अनुपात आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः ११.७२, ११.४६ र ११.२३ प्रतिशत र प्राथमिक पूँजीको अनुपात आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः ११.४८, ११.२३ र ११.०० प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ।

१५. अर्न्तनिहित जोखीम तथा सो व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
१. कर्जा सापटी तथा कर्जा लगानीको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
३. वित्तीय श्रोतको अभाववाट लगानीको दायरा संकुचित हुनसक्ने जोखीमहरु।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
सो नभएको।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
१. नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
२. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
३. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम :**
सो नभएको।

(ङ) **विदेशी विनिमयको जोखिम :**
सो नभएको।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :**
सो नभएको।

(छ) **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
२. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिमः**
१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।

(झ) **संचालन इतिहासको अभाव :**
यस वित्तीय संस्थाले आफ्नो कारोबार मिति २०७३ मङ्सिर १३ गतेदेखि संचालन गरेकोले वित्तीय संस्थाको संचालन इतिहास छोटो रहेको छ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीमः**
प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको संचालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो। वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम ब्यवस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा बिशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ।

(ट) **अन्य :**
१. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।
वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ। त्यसैगरी ऋण सुरक्षण कोषको ब्यवस्था गरी कर्जा लगानीमा आउन सक्ने संभावित जोखिमलाई सुरक्षित तथा न्यूनिकरण गरिएको छ। वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जाखिमहरु न्यूनिकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुर्याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहको छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली,समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको छ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१६. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गरेको धितोपत्रको संख्या र रकम :

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत् प्रतिशतले हुने २,५०,००० कित्ता साधारण शेयरको लागि रु.२,५०,००,०००/- रकम बराबरको प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौद्वारा प्रत्याभुति सेवा प्रदान गरिएको छ।

१७. धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यवस्था :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ। यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँट गरी बाँकी रहेको शेयर प्रत्याभुतिकर्ताले प्रत्याभुति सम्बन्धी सम्झौतामा भएको ब्यवस्था अनुसार खरिद गर्नेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी ब्यवस्था :**
शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका,२०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदरः**
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो ब्यवस्था लागु नहुने।

(घ) **धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
स्वीकृत विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता भए पश्चात आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेका शेयर जम्मा/वितरण गर्ने ब्यवस्था मिलाइनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धि विवरण :**
सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैइसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यवस्था सम्बन्धि विवरण :**
सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकरण र दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक ब्यवस्था मिलाइनेछ।

१८. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।
१. वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, धनकुटा-७, धनकुटा।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक-एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ।

१९. नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, धनकुटा-७, धनकुटा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम ५०० (पाँच सय) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सकनेछ।

२०. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ।
३. आवेदकले आबेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनु पर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल।
   ग. नाबालक र विक्षिप्त ब्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
   ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा)।
   च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
   छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८. आबेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनहुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ।
१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।
१४. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आबेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने ब्यवस्था गरिनेछ।
१५. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम ५०० (पाँच सय) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।

२१. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्त वित्तीय संस्थाको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ। साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघुवित्त कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं बृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ।

सि.नं.	कर्जा प्रवाह गरीने क्षेत्रहरु	करिब रकम (रु.)
१.	पशुपालन तथा कृषि कर्जा	रु.१,२५,०००,०००/-
२.	खुद्रा व्यापार र सेवा कर्जा	रु.७५,००,०००/-
३.	साना तथा घरेलु उद्योग कर्जा	रु.५०,००,०००/-
	जम्मा	रु.२,५०,००,०००/-

२२. निष्काशन बैंक (Banker to the Issue)

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने।

२३. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं, वेवसाइट : www.niblcapital.com
२.	गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, हुलाक टोल, धनकुटा, वेवसाइट : www.guranslaghubitta.com.np

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु।

२४. धितोपत्र बिक्री खुला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ (चार) कार्य दिन र बढीमा ३० दिन सम्म खुल्ला रहनेछ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

रु.३ करोड भन्दा कमको सार्वजनिक निष्काशन भएकोले क्रेडिट रेटिङ्ग गर्नु पर्ने बाध्यात्मक ब्यवस्था नभएकोले हाल क्रेडिट रेटिङ्ग नगरिएको।

२६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुभाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा एउटा छुट्टै कक्षको ब्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशनसंग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री राम कुमार महतलाई नीजकै कार्यकक्षमा वा नीजलाई कार्यालय समयभित्र ४००५०८० (एक्सटेन्सन नं.४४४) मा सम्पर्क गर्न सकिनेछ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्कासन खुल्ला मिति	:	**२०७६/१/१६ गते**
निष्कासन बन्द हुने मिति (छिटोमा)	:	**२०७६/१/२० गते (बैंकिङ्ग समय पश्चात्)**
निष्कासन बन्द हुने मिति (ढिलोमा)	:	**२०७६/२/१४ गते (बैंकिङ्ग समय पश्चात्)**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)